नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :-
च.नं. :-

## प्रेस विज्ञप्ति

आज मिति २०७५ चैत्र २४ गते सम्माननीय प्रधानमन्त्री एवम् गरिबी निवारण कोष सञ्चालक समितिका अध्यक्ष श्री केपी शर्मा ओलीज्यूको अध्यक्षतामा गरिबी निवारण कोष सञ्चालक समितिको ७०औं बैठक सम्पन्न भयो । बैठकमा सम्माननीय प्रधानमन्त्रीज्यूबाट गरिबी निवारण कोषलाई वर्तमान संघीय संरचना र स्थानीय तहको क्षेत्राधिकारलाई समेत मध्यनजर गरी पुन:संरचना गर्ने र कोष सञ्चालनको कार्यशैलीमा परिवर्तन गर्नुपर्ने विचार व्यक्त गर्नु भयो ।साथै वहाँले गरिबी निवारण कोषलाई गरिब र विपन्न वर्गको क्षमता विकासमा केन्द्रित हुन र उद्यमशीलता प्रवर्द्धन गर्दै गरिबी निवारणमा ठोस उपलब्धि हासिल हुने गरी कार्यक्रम सञ्चालन गर्न समेत निर्देशन दिनु भयो ।

उक्त बैठकमा गरिबी निवारण कोषका उपाध्यक्ष श्री निर्मल कुमार भट्टराईले विगतका सवल र दुर्वल पक्षहरूको विश्लेषण गर्दै आगामी दिनमा यसको कार्यदिशा स्पस्ट र कार्यसम्पादन लक्ष्य उन्मुख हुने विचार व्यक्त गर्नुभयो ।

बैठकमा मा. अर्थमन्त्रीज्यूबाट नेपालको संविधान बमोजिम गरिबी निवारण गर्ने कार्य जिम्मेवारी सामन्यतया तीनवटै तहको भएतापनि गरिबी निवारण कोषद्वारा प्रवर्द्धित सामुदायिक संस्थाहरूको सञ्चालन र व्यवस्थापन गर्ने जिम्मेवारी स्थानीय तहकै हुनुपर्ने बिचार व्यक्त गर्नुभयो ।

सम्माननीय प्रधानमन्त्री एवं कोषका अध्यक्षज्यूले कोषका कार्यक्रमहरू थप पारदर्शी र जवाफदेही ढंगले सञ्चालन गर्न निर्देशन दिनुका साथै कोषका बिगतका योजना तथा कार्यक्रमरूको स्वीकृति, निर्णय प्रक्रिया तथा कार्यान्वयनको समिक्षा गरी अगाडी वढ्न समेत निर्देशन दिनुभयो ।

मिति २०७५।१२।२४

बिनोद बहादुर कुँवर
प्रवक्ता

टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०२१, ४२११०३८
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७, पो.ब.नं. : २३३१२ काठमाडौं, नेपाल
इमेल : info@opmcm.gov.np
वेब साइट : http://www.opmcm.gov.np